# खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड

## कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१

## गोरखा नगरपालिका

### गोरखा

प्रमाणीकरण मिति :- २०८१/१२/०७

Scanned with CamScanner

प्रमाणीकरण मिति :- २०८१/१२/०७

**गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१**

खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा १२ बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड समक्ष नाम सिफारिस गर्ने प्रयोजनका लागि गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागू गरेको छ।

**१. कार्यविधिको नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संयोजक" भन्नाले गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित दफा ३ बमोजिमको सिफारिस समितिको संयोजक सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले खानेपानी तथा सरसफाई ऐन, २०८० सम्झनु पर्दछ ।

(ग) "कार्यकारी अधिकृत" भन्नाले गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत सम्झनु पर्दछ।

(घ) "बोर्ड" भन्नाले गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सम्झनु पर्दछ।

(ङ) "नगरपालिका" भन्नाले गोरखा नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यविधि" भन्नाले गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

(छ) "समिति" भन्नाले खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि दफा ३ बमोजिमको सिफारिस समिति सम्झनु पर्दछ।

अध्यक्ष



Scanned with CamScanner

३. समितिको गठनः (१) गोरखा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा १२ बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न बोर्ड समक्ष नाम सिफारिस गर्ने प्रयोजनका लागि देहायको समिति गठन भएको छः

(क) प्रमुख प्रशासकीय अधिकृत, गोरखा नगरपालिका - संयोजक

(ख) खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डले तोकेको नेपाल सरकारका कम्तीमा रा.प. द्वितीय श्रेणी वा सो सरहको पदमा खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य अनुभव भएको बहालवाला वा अवकाश प्राप्त २ जना - विज्ञ सदस्य

(ग) पूर्वाधार बिकास शाखा प्रमुख, गोरखा नगरपालिका - सदस्य

(घ) प्रशासन शाखा प्रमुख, गोरखा नगरपालिका - सदस्य सचिव

४. काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।
समितिले प्रतिस्पर्धाका आधारमा देहाय बमोजिम छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

(क) बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि निवेदन माग गर्ने ।

(ख) निवेदकहरूको शैक्षिक योग्यता, कार्य अनुभव, विज्ञताको छानवीन गरी दरखास्त स्वीकृत र संक्षिप्त सूची प्रकाशित गर्ने।

(ग) संक्षिप्त सूचीमा परेका निवेदकहरूको कार्ययोजनाको परीक्षण गर्ने/गराउने।

(घ) संक्षिप्त सूचीमा परेका निवेदकहरूलाई आफ्नो कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने।

(ङ) संक्षिप्त सूचीमा परेका निवेदकहरूको अन्तर्वार्ता लिने।

(च) कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्तामा सवैभन्दा वढी अङ्क प्राप्त गर्ने ३ जना उम्मेदवारहरूलाई नामको वर्णानुक्रमका आधारमा कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन वोर्ड समक्ष सिफारिस गर्ने।

(छ) समितिले आवश्यकता अनुसार सम्वन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने।

५. बैठक सम्बन्धी कार्यविधिः

(१) बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ।

(क) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

(ख) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(ग) समितिको बैठकमा संयोजक र कम्तीमा एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ।



Scanned with CamScanner

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ। सर्वसम्मति हुन नसकेमा संयोजक सहितको बहुमतले गरको निर्णय मान्य हुनेछ।

(ङ) समितिको निर्णय उपस्थित सदस्यहरुको हस्ताक्षरबाट प्रमाणित गरिनेछ।

(च) बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(२) समितिको सचिवालयको काम खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डबाट निर्णय भएको सचिबालयबाट गर्नेछ।

**६. कार्यकारी अधिकृतको पदमा नियुक्त हुनको लागि योग्यता**

(१) कार्यकारी अधिकृत पदमा नियूक्त हुनको लागि ऐनको दफा ११ बमोजिम देहायको योग्यता पुगेको हुनुपर्नेछः

क) खानेपानी तथा सरसफाईको बिषयमा कम्तीमा स्नातक गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट बिषयसँग सम्बन्धित बिषयमा इन्जिनीयरिङ गरी नेपाल इन्जिनीयरिङ काउन्सिलमा दर्ता भएको तथा खानेपानी तथा सरसफाईको क्षेत्रमा कम्तीमा दुई (२) वर्षको कार्य अनुभव प्राप्त गरेको।

ख) २५ बर्ष उमेर पुरा भई ४५ वर्ष उमेर ननाघेको।

**७. सूचना प्रकाशनः**

(१) समितिले कार्यकारी अधिकृत पदको लागि योग्य उम्मेदवारहरुको सूची तयार गर्ने प्रयोजनका लागि दरखास्त आव्हान गर्न पन्ध्र दिनको समयावधी तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरको पत्रिका र नगरपालिकाको वेवसाइटमा समेत प्रकाशन गरिनेछ।

(३) उम्मेदवारले दरखास्त दस्तुर बापत रु.१०००/- बुझाउनु पर्नेछ ।

**८. दरखास्त दिने समयावधी :**

योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचनामा तोकिएको दिनको कार्यालय समयभित्र तोकिएको स्थानमा आफ्नो योग्यता र अनुभव खुल्ने गरी दरखास्त दिनुपर्नेछ।

**९. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरूः**

दफा (७) बमोजिम सूचना प्रकाशन पश्चात योग्यता पुगेको इच्छुक व्यक्तिले देहायको विवरण संलग्न गरी गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची - १



Scanned with CamScanner

बमोजिमको ढाँचामा स्वयं प्रमाणित गरेका कागजात सहित कार्यालयमा रहेको सिफारिस समितिको सचिवालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) नियुक्ति हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण (Bio data),

(घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको प्रमाण पत्र भए समकक्षताको प्रमाणपत्र),

(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (अधिकृतस्तरमा प्रत्येक तह/श्रेणीको अवधि खुल्ने गरी),

(च) एफोर साइज (A4 Size) को कागजमा बढीमा ५००० शब्दको नेपाली भाषामा तयार गरिएको कार्यकारी अधिकृत भएपछि बोर्डको नेतृत्वदायी भूमिका उल्लेख भएको अवधारणा-पत्र सहितको चार वर्षको व्यावसायिक कार्ययोजना (Professional Work Plan) (कार्ययोजना कम्प्युटर टाइप गरिएको, पहिलो पानाको सबभन्दा माथि आफ्नो नाम लेखिएको र अन्यत्र कहीं पनि नाम वा आफूलाई चिनाउने कुनै संकेत नभएको र खाममा राखी शिलबन्दी गरिएको हुनुपर्नेछ),

(छ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति,

(ज) निवेदन दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,

(झ) ऐनको दफा ११ को उपदफा (३) को (क) र (घ) बमोजिमको योग्यता पुगेको, बोर्डसँग कुनै किसिमको स्वार्थ (Conflict of Interest) नभएको तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको व्यहोरा कार्यविधिको अनुसूची २ बमोजिम स्व-घोषणा गरेको,

(५) उपदफा (३) बमोजिम सूचना प्रकाशन गर्दा छनौटका लागि मूल्याङ्कनको आधार समेत खुलाउनु पर्नेछ।

**१०. पुनः दरखास्त आव्हान गर्न तथा दरखास्त रद्द गर्न सक्नेः**

(१) तीन भन्दा कम संख्यामा दरखास्त परेमा समितिले पुनः दरखास्त आव्हान गर्नेछ। यसरी पुनः दरखास्त आव्हान गर्दा समेत तीन भन्दा कम संख्यामा दरखास्त परेमा प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) समितिलाई प्राप्त दरखास्तमध्ये रीत नपुगी आएमा तथा गलत वा झुठ्ठा कागजपत्र पेश गरेको देखिएमा समितिले जुनसुकै चरणमा उम्मेदवारको दरखास्त रद्द गर्नेछ।



Scanned with CamScanner

अध्यक्ष

**११. छनौट विधि:**

(१) योग्य उमेदवार छनौट गर्न समितिले देहायका विधिहरू अवलम्वन गर्नेछ:

(क) दरखास्त साथ प्राप्त कागजात, शैक्षिक योग्यता, अनुभव, अवधारणा पत्र सहितको कार्ययोजनाको मूल्याङ्कन।

(ख) अवधारणा-पत्र सहितको कार्ययोजनाको प्रस्तुतीकरण।

(ग) अन्तर्वार्ता ।

(२) समितिले दफा १२ बमोजिमको मूल्याङ्कनका आधारमा रीत पुगेका उम्मेदवारको मूल्याङ्कन गर्नेछ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको प्रयोग गर्न सक्नेछ।

**१२. मूल्याङ्कनका आधारहरू:**

(१) मूल्याङ्कनका लागि देहायका आधारहरू लिइने छ।

| | | |
|---|---|---|
| क. | शैक्षिक योग्यता र अनुभव<br>१. शैक्षिक योग्यता – ८ अङ्क<br>• स्नातक बापत – ५ अङ्क<br>• स्नातकोत्तर बापत – ३ अङ्क<br>२. अनुभव बापत – १७ अङ्क<br>• खानेपानी तथा सरसफाईको क्षेत्रमा गरेको कार्य अनुभव प्रत्येक बर्षका लागि दुई अंकका दरले बढीमा १२ अङ्क<br>• खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यकारी अधिकृत वा सो सरहको पदमा न्युनतम एक बर्ष कार्य अनुभब भएमा ५ अङ्क | २५ अङ्क |
| ख. | अवधारणा-पत्र सहितको कार्ययोजनाको मूल्याङ्कन | ४० अङ्क |
| ग. | अवधारणापत्र-सहितको कार्ययोजनाको प्रस्तुतीकरण | २५ अङ्क |
| घ. | अन्तर्वार्ता | १० अङ्क |
| | जम्मा अङ्क | १०० अङ्क |

(२) अवधारणापत्र सहितको कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढि र न्यूनतम ४०% भन्दा कम अङ्क दिदा पुष्ट्याई दिनुपर्नेछ।

(३) मूल्याङ्कनका आधारहरु मध्ये उपदफा (१) अन्तर्गत अवधारणापत्र सहितको कार्ययोजनाको मूल्याङ्कन बापतको अङ्क दफा (३) बमोजिमका समितिको विज्ञ सदस्यले व्यक्तिगत रुपमा दिइ औषत गणना गरी प्राप्तांक कायम गर्नुपर्नेछ ।

अध्यक्ष



Scanned with CamScanner

(४) मूल्याङ्कनका आधारहरु मध्ये उपदफा (१) अन्तर्गत अवधारणापत्र-सहितको कार्ययोजनाको प्रस्तुतीकरण बापतको अङ्क समितिका बिज्ञ सदस्य सहित बढीमा तिन सदस्यले व्यक्तिगत रुपमा दिइ औषत गणना गरी प्रासांक कायम गर्नुपर्नेछ ।

(५) मूल्याङ्कनका आधारहरु मध्ये उपदफा (१) अन्तर्गत अन्तर्वार्ता बापतको अङ्क समितिका संयोजक तथा सदस्यहरुले व्यक्तिगत रुपमा दिइ औषत गणना गरी प्रासांक कायम गर्नुपर्नेछ ।

(६) उपदफा (१) को बिषय कार्यान्वयनका सम्बन्धमा कुनै समस्या आइपरेमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१३. संक्षिप्त सूची प्रकाशन गर्ने:**

तोकिएको समयभित्र दश भन्दा बढी संख्यामा दरखास्त पेश हुन आएमा कार्यविधिको दफा १२ को उप दफा १ अन्तर्गत देहाय (क) र (ख) अनुसार मूल्याङ्न गरी दश जना उम्मेदवारहरुको वर्णानुक्रमानुसारको संक्षिप्त सूचि (Short List) अवधारणापत्र-सहितको कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि प्रकाशन गर्नेछ ।

**१४. नियुक्तिका लागि सिफारिस:**

समितिले उम्मेदवारको अनुभव, शैक्षिक योग्यता, अवधारणा सहितको कार्ययोजना मूल्याङ्कन, अवधारणासहितको कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको अङ्कका आधारमा योग्यताक्रमानुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड समक्ष सिफारिस गर्नेछ ।

**१५. खर्च सम्बन्धी व्यवस्था:**

समितिको वैठक तथा बोर्डको कार्यकारी अधिकृत छनोट सम्बन्धी अन्य व्यवस्थापकीय खर्च लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम गोरखा नगरपालिकाले व्यवस्था गर्नेछ।

**१६. कागजपत्रको संरक्षण:**

(१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बधी सम्पूर्ण कागजातहरू गोरखा नगरपालिकाको प्रशासन शाखामा सुरक्षित राखु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

**१७. विविध:**

यस कार्यविधि कार्यान्वयनमा कुनै कठिनाई आईपरेमा सिफारिस समितिका संयोजकको निर्णय अन्तिम हुनेछ।

अध्यक्ष



Scanned with CamScanner

प्रमाणीकरण मिति :- २०८१/१२/०७

अनुसूची १

(कार्यविधिको दफा ९ को सँग सम्बन्धित)

**कार्यकारी अधिकृत पदमा नियुक्तिको सिफारिसका लागि दिइने निवेदनको ढाँचा**

श्री संयोजक ज्यू,
खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि सिफारिस समिति,
गोरखा नगरपालिका, गोरखा

विषयः निवेदन पेश गरेको।

महोदय,

गोरखा नगरपालिका, खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि सिफारिस गर्न त्यस समितिबाट मिति २०८१/ / मा प्रकाशित सूचना बमोजिम देहायका विवरण सहित यो निवेदन पेश गरेको छु।

विवरणः

(१) ----------
(२) ----------
(३) ----------
(४) ----------
(५) ----------
(६) ----------
(७) ----------
(८) ----------
(९)

निवेदक

हस्ताक्षरः ..................

नाम थर :- ..................................................

ठेगानाः- ........................ जिल्ला ..........................

नगर/गाउँ/पालिका, वडा नं ........

सम्पर्क नं.- ..................................

इमेल :- ......................................



अध्यक्ष

प्रमाणीकरण मिति :- २०८१/१२/०७

## अनुसूची २

(कार्यविधिको दफा ९ सँग सम्बन्धित)

### कार्यकारी अधिकृत पदमा नियुक्तिको लागि दिइने निवेदनमा गर्नुपर्ने स्वःघोषणाको ढाँचा

द्रष्टव्यः- तल दिएको स्वःघोषणा बमोजिम हो वा होइन आफ्नो विवरणको ☐ मा √ चिन्ह लगाउनुहोस।

श्री संयोजक ज्यू,
खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस समिति,
गोरखा नगरपालिका, गोरखा ।

**विषय : स्वःघोषणा सम्बन्धमा**

प्रस्तुत विषयमा गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृत नियुक्तिका लागि निवेदनका साथमा देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

| | हो | होइन |
|---|---|---|
| (१) नेपाली नागरिक | ☐ | ☐ |
| (२) निवेदन दिने अन्तिम दिनसम्ममा पच्चीस वर्ष उमेर पूरा भएको | ☐ | ☐ |
| (३) निवेदन दिने अन्तिम दिनसम्ममा पैतालिस वर्ष उमेर ननाघेको | ☐ | ☐ |
| (४) कुनै राजनीतिक दलको सदस्य नरहेको | ☐ | ☐ |
| (५) आफ्नो नाउँमा व्यक्तिगत बेरुजु बाँकी नरहेको | ☐ | ☐ |
| (६) खानेपानी तथा सरसफाईको बिषयमा कम्तीमा स्नातक गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट विषयसँग सम्बन्धित बिषयमा इन्जिनीयरिङ गरी नेपाल इन्जिनीयरिङ काउन्सिलमा दर्ता भएको तथा खानेपानी तथा सरसफाईको क्षेत्रमा कम्तीमा दुई (२) वर्षको कार्य अनुभव प्राप्त गरेको | ☐ | ☐ |
| (७) बैङ्क तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालोसूचीमा नपरेको, | ☐ | ☐ |
| (८) भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव वेचविखन, लागु औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको | ☐ | ☐ |
| | ☐ | ☐ |
| (९) प्रचलित कानूनबमोजिम नियुक्त हुन अयोग्य नठहरिएको | ☐ | ☐ |
| (१०) सार्वजनिक निकायको कुनै ठेक्का पट्टामा संलग्न नरहेको | ☐ | ☐ |
| (११) मानसिक सन्तुलन ठीक भएको | ☐ | ☐ |
| (१२) विदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र (DV/PR) नलिएको, लिएको भए त्यागेको कम्तीमा ३ (तीन) महिनाको अवधि व्यतीत भएको। | ☐ | ☐ |

**माथिको व्यहोरा ठिक साँचो हो भनी स्वघोषणा गर्दछु । गलत ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला।**

निवेदक

हस्ताक्षरः ..................

नाम थर :- ..................................................

ठेगानाः- ........................ जिल्ला ........................

नगर/गाउँ/पालिका, वडा नं ........

सम्पर्क नं.- ..................................



अध्यक्ष

गोरखा नगरपालिका ... २०८० ... खानेपानी तथा सरसफाई ...

Scanned with CamScanner